आज मिति २०८२ श्रावण १४ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ८७ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठककक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा न. ८
श्री ईश्वर पोखेल, का.वा.वडा अध्यक्ष वडा न. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा न. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा न. ११
श्री ईन्द्रलाल गिरी, का.वा. वडा अध्यक्ष वडा न. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा न. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसि परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री सिता कुमारी खत्री गिरी, (सचिव) नि. प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारीहरु :

श्री सिद्धान्त पाण्डेय, ईन्जिनियर
श्री कुल बहादुर खड्का, प्रशासकीय अधिकृत
श्री सरिता हमाल, सू.प्र.अ.
श्री गणेश कार्की, सव ईन्जिनियर
श्री सुशिला गिरी,सहयोगी

CamScanner

| क. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | आ. ब. २०८२।०८३ सालको नगर दररेट सम्बन्धमा । |
| २ | आ. ब. २०८२।०८३ सालको बार्षिक खरिद योजना सम्वन्धमा । |
| ३ | नदीजन्य पदार्थको IEE प्रतिबेदन र बोलपत्र आह्वान सम्बन्धमा । |
| ४ | नगर यातायात गुरुयोजना सम्बन्धमा । |
| ५ | बिबिध सम्बन्धमा । |

**मिति २०८२।०४।१४ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु:**

**प्रस्ताव नं. १ : आ व २०८२।०८३ सालको नगर दररेट सम्बन्धमा ।**

**निर्णय नं. १.** यस भेरीगंगा नगरपालिकाको आव २०८२।०८३ सालका लागि नगर कार्यपालिका बैठकमा पेश गरिएको बिभिन्न सामग्री तथा कामदारहरुको नगर दररेटको मस्यौदा पेश भई ब्यापक रुपमा छलफल गरियो साथै उक्त नगर दररेट स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : आ व २०८२।८३ सालको बार्षिक खरिद योजना सम्बन्धमा ।**

**निर्णय नं. २.** यस भेरीगंगा नगरपालिकाको आव २०८२।०८३ सालका लागि नगर कार्यपालिका बैठकमा पेश गरिएको नगरपालिकाको बार्षिक खरिद योजनाको मस्यौदाउपर ब्यापक रुपमा छलफल गरियो साथै उक्त बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ : नदीजन्य पदार्थको IEE प्रतिबेदन र बोलपत्र आह्वान सम्बन्धमा ।**

**निर्णय नं. ३.** यस भेरीगंगा नगरपालिकामा नदीजन्य पदार्थको उत्खनन् तथा बिक्रीबितरण कार्यका लागि तयार गरिएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिबेदन २०८१ मा आवश्यक स्थान थप तथा उत्खनन् स्थानको परिमाण थप/घट गरि दैनिक उत्खनन् परिमाण २९९.९१ घ.मि. (कुल उत्खनन् परिमाण : ८०,९७६.०९ घ.मि.) हुने गरि संसोधन सहित अध्यावधिक गरिएको प्रारम्भिक वातावरणिय रीक्षण प्रतिवेदन २०८१, भेरिगंगा नगरपालिका संक्षिप्त वातावारणिय अध्ययन तथा प्रारम्भिक ातावारणिय परीक्षण कार्यविधि २०७७ को दफा ८ र ढुंगा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा १ (ग) मा भएको व्यवस्थाबमोजिम ीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

साथै आ.व. २०८२/०८३ को नदीजन्य पदार्थहरुको उत्खनन् तथा बिक्रिवितरणका लागि म्भिक वातावरणिय परीक्षण प्रतिबेदन २०८१ (ढुंगा गिट्टी सम्बन्धी अध्यावधिक-IEE) ले तोकेका नहरुबाट तोकेको परिमाणमा उत्खनन् हुने गरि बोलपत्र आह्वान गर्ने र यस आ.व. को कर्णाली सरकारको आर्थिक ऐनबमोजिम प्रति घ.फि. रु ५ तोक्ने र प्रतिबेदनले तोकेको कुल जम्मा

परिमाण ८०,९७६.०९ घ.मि. को हुन आउने मूल्यांकनको कुल जम्मा न्युनतम् रकम रु १,४२,९८,२३१.६३ (भ्याट बाहेक) राखी बोलपत्र आह्वान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. ४</u> : नगर यातायात गुरुयोजना सम्बन्धमा ।**

**निर्णय नं. ४.** यस भेरीगंगा नगरपालिकामा निर्माण भएका सबै सडकहरुको विष्तृत अध्ययन र विष्लेषण गरी तथ्यांक तयार गर्नका लागि बमजन निर्माण सेवा प्रा लि नागार्जुन काठमाण्डौबाट तयार गरिएको प्रतिबेदन भेरीगंगा नगरपालिकाको सडक गुरुयोजना २०८२ कार्यपालिका बैठकमा प्रस्तुत गरी व्यापक छलफल गरियो साथै थप छलफल गर्नकालागि आगामी बैठकमा पेशगर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ५** (क) यस भेरिगंगा नगरपालिका अन्तर्गतका ठेक्का सम्झौता गरि संचालनमा रहेका तपसिल बमोजिमका योजनाहरुको सम्झौता अवधि सकिएको र निर्माण कार्यसमेत बाँकी रहेकोले कारणसहित म्याद थपका लागि निबेदन पेश भई आएकोले तपशिल अनुसार योजनाहरुको म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**<u>तपसिल</u>**

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता अवधि | म्याद थप अवधि |
|---|---|---|---|---|---|
| १ | मैनतडा स्वास्थ्य चौकी निर्माण, भेरीगंगा ८ | न्यू बिशाल कन्स्ट्रक्सन, विरेन्द्रनगर सुर्खेत | २०७८/०१/१२ | २०८१/०९/३० | २०८२/०९/३० |
| २ | डुम्कोट दलित संग्रहालय निर्माण, भेरीगंगा ८ | नेपाल मेगा-लामा प्रगति-सुबास, वीरेन्द्रनगर ६ सुर्खेत | २०७८/०६/१० | २०८२/०३/३० | २०८३/०३/३० |
| ३ | छिन्चु बसपार्क निर्माण, भेरीगंगा १२ | ग्रान्ड डिजाईन एण्ड कन्स्ट्रक्सन प्रालि., नेपालगन्ज २४ बाँके | २०७९/०३/३० | २०८२/०३/३० | २०८३/०३/३० |
| ४ | औधोगिकग्राम वाल निर्माण, भेरीगंगा ११ | न्यू पब्लिक कन्स्ट्रक्सन, भेरीगंगा ९ सुर्खेत | २०७८/०३/०८ | २०८१/०९/३० | २०८३/०३/३० |
| ५ | रत्नराजमार्ग देखि थानिचौर जोड्ने सडक कालोपत्रे, भेरीगंगा १० र किन्जल खाजा घर देखि गोलपार्क जोड्ने सडक स्तरोन्नती | अँध्यारो उज्यालो निर्माण सेवा, विरेन्द्रनगर सुर्खेत | २०८२/०१/०८ | २०८२/०२/२९ | २०८२/०९/३० |
| ६ | फोहोरमैला प्रसोधन केन्द्र, भेरीगंगा १२ | सौरभ निर्माण सेवा, भेरीगंगा १० सुर्खेत | २०८२/०१/२४ | २०८२/०२/२९ | २०८२/०९/३० |
| ७ | जहरे प्रहरी चौकी अधुरो भवन निर्माण र मावि सानोजात्री पुर्वतर्फको वाल निर्माण | शान्ति निर्माण सेवा, विरेन्द्रनगर १० सुर्खेत | २०८२/०१/०९ | २०८२/०३/१५ | २०८२/०९/३० |
| ८ | नगरपालिका भवन गेट र कम्पाउण्ड निर्माण | सावित्री शिव निर्माण सेवा, भेरीगंगा १२ सुर्खेत | २०८२/०२/२६ | २०८२/०३/१५ | २०८२/०९/३० |
| ९ | वडा नं १३ सडक ग्राभेल | पंचकोशी निर्माण सेवा, बराहताल ५ सुर्खेत | २०८१/१२/२९ | २०८२/०३/१५ | २०८२/०९/३० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | भगवती त्रिवेणी नवोशजनाशील सडक विस्तार, इयाकने मानकोट टोल मझगाउले टोल नयाँ सडक विस्तार र डुमकोट कुइरे सडक स्तरोन्नती, भेरीगंगा ७ | अधिकारी निर्माण सेवा, डुंगेश्वोर ५ दैलेख | २०८२/०२/१२ | २०८२/०३/१५ | २०८२/०९/३० |
| ११ | प्रशासकीय भवन परिसर सडक स्तरोन्नती, भेरीगंगा १२ | गेहेन्द्र निर्माण सेवा, विरेन्द्रनगर ६ सुर्खेत | २०८२/०३/०९ | २०८२/०३/१५ | २०८२/०९/३० |
| १२ | भेरीगंगा ९ का अधुरा सडकहरुमा पक्कि नाली निर्माण | पंचकोशी निर्माण सेवा, बराहताल ५ सुर्खेत | २०८२/०१/०९ | २०८२/०३/१५ | २०८२/०९/३० |
| १३ | कैनपानी सडक विस्तार, नवज्योति टोल सडक स्तरोन्नती, भेरीगंगा ७ | पंचकोशी निर्माण सेवा, बराहताल ५ सुर्खेत | २०८२/०२/१९ | २०८२/०३/१५ | २०८२/०९/३० |

**निर्णय नं. ५ (ख)** यस भेरिगंगा नगरपालिका अन्तर्गतका आव २०८२।०८३ का बिभिन्न योजनाहरु निर्माण गर्नका लागि तपसिल अनुसारको मापदण्ड बनाइ कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**तपसिल**

१. ५ लाख सम्मका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।

२. बाटो सफाईका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।

३. मध्यवर्ती क्षेत्रका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।

४. योजना अन्तर्गतका खरिद गरिएका सामानहरुको अनिवार्य वारेन्टी प्रमाण लिने।

५. २०८२ भाद्र मसान्त भित्र डिजाइन स्टीमेट गराउने र उपभोक्ता समिति गठन तथा समितिलाइ तालिम दिइसक्ने।

६. २०८२ भाद्र मसान्त भित्र बोलपत्र आह्वान गरिसक्ने र उपभोक्ता समितिसंग सम्फौता गरिसक्ने।

७. २०८२ चैत्र मसान्त भित्र सबै योजनाहरुको निर्माण कार्य सक्ने र २०८३ बैशाख मसान्त भित्र भुक्तानी दिइसक्ने।

८. नदीजन्य पदार्थ प्रयोग गर्नुपर्ने प्रकृतिका सबै योजनाहरुमा अनिवार्य नदीजन्य पदार्थको कर तिरेको रसिद संलग्न भएपछि मात्र भुक्तानी दिइने।